# आ.ब.२०८०।०८१ को दोश्रो चौमासिक अबधि (मंशिर-फाल्गुण) मा गरिएको सेवा प्रवाह, पारित नीति, आयोजना, कार्यक्रम एबं बजेट बिनियोजन र खर्च सम्बन्धी चौमासिक समीक्षा कार्यक्रम

२०८० चैत्र ६ गते

# दोश्रो चौमासिक समीक्षा प्रतिबेदन

पेश गर्ने
रमेशचन्द्र जोशी
सामाजिक बिकास अधिकृत
दिपायल सिलगढी नगरपालिका
दिपायल सिलगढी नगरकार्यपालिका

# आ.व.२०८०/२०८१ को दोश्रो चौमासिक (मंशिर-फाल्गुण) तथा बार्षिक (श्राबण-आषाढ) अबधीको  समिक्षाको प्रतिबेदन:२०८१ चैत्र ६ गते

## १.परिचय (Introduction)

यस  दिपायल सिलगढी  नगरपालिकाले आर्थिक बर्ष २०८०।०८१ मा पारित नीति, स्विकृत गरेको बजेट एबं कार्यक्रम र आयोजना सम्बन्धी दोश्रो चौमासिक अबधि तथा आ.ब.०८०।०८१ को मंशिर देखि फाल्गुण सम्मको प्रगति एबं गतिबिधिहरुको जानकारी नगर प्रमूख, उपप्रमूख लगायत नगर कार्यपालिका सदस्यहरु बीचमा राखि छलफल गर्न प्राप्त सुझाव तथा सल्लाह बमोजिम गत आ.ब.को तेश्रो चौमासिक अबधी सम्ममा नगरपालिकाले वडा कार्यालय तथा बिषयगत शाखा मार्फत गरिएका कार्यको समीक्षा गरी सुशासन कायम गर्ने उद्देश्यले चौमासिक समिक्षा कार्यक्रमको आयोजना गरिएको हो । प्रत्येक वर्षको हरेक चौमासिकमा नगरकार्यपालिका कार्यालयले सम्पादन गरेका कार्यको जानकारी नगरपालिकाले सरोकारवालाहरु बिषेश गरी पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रित गरी उपलब्ध गराउदै आए झैं यस वर्ष पनि सो कार्यलाई नियमितता गरिएको छ ।  बेला बेलामा गरिने समीक्षा कार्यक्रमले नगरको अवस्था झल्काई आगामी दिनका लागि सुशासनलाई मजबुत बनाउन, समयमा कार्य सम्पन्न गर्ने, नीति अनुसारका कार्यक्रमको तालमेल मिलाउने लक्ष्य निर्धारण गरी कार्यक्रम सम्पन्न गर्ने, सेवा प्रवाहको अवस्थालाई मजबुत बनाउने, काम गर्ने क्रममा आएका समस्याहरुको सहि किसिमले निराकरण गर्ने तथा समुदायको माग र भावी कार्यदिशा को बोध गरी सुशासन कायम गर्न तथा पारदर्शिताको एक आयामका रुपमा यस समीक्षा कार्यक्रमलाई लिन सकिन्छ ।

नगरपालिकाकाले बिभिन्न आर्थिक वर्षमा स्वीकृत योजना तथा वर्षको आय ब्ययको जानकारी विभिन्न संचार माध्यम रेडियो पत्रपत्रिका मार्फत जानकारी गराउदै आएपनि यो कार्यक्रमा प्रत्यक्ष रुपमा बिषयगत र वडागत प्रस्तुति गरिने भएकाले दोहोरो छलफलका माध्यमबाट आगामी दिनका लागि थप सुझाव प्राप्त गर्न प्रभावकारी बन्दै जाने आशा गर्न सकिन्छ । स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७१ को उपदफा २ तथा दफा ७८ अनुसारको क्रियाकलाप सम्पन्न गरी कानुनी जिम्मेवारीलाई पनि पुरा गर्न समीक्षा कार्यक्रम आयोजना जरुरी रहेको छ ।

सुदूर पश्चिम प्रदेश अर्न्तगत डोटी जिल्लाको केन्द्रबिन्दुमा रहेको दिपायल सिलगढी नगरपालिकाको आफनै ऐतिहासिक महत्व रहेको छ ।। नगर क्षेत्रको कुल क्षेत्रफल १२६.६२ वर्ग कि.मि. हेक्टर छ । रहेको यस नगरपालिकामा ३३९६८ जनसंख्या रहेकोछ । दिपायल सिलगढी नगरपालिकाले आ.ब.२०८०।०८१ मा को कूल प्रस्ताबित बिनियोजन रु.६६,५५,४३,९००।०० मा फाल्गुण मसान्त सम्मको बास्तबिक आय रु.३८,४७,४६,८४७।०० मा कूल खर्च रु.२०,०८,८१,८८३।०० अर्थात कूल बिनियोजनको ३०.१८ प्रतिशत रहेको छ । नगरपालिकाको कुल जनसंख्या ३३९६८ लाई कूल खर्चमा बिभाजन गर्दा दोश्रो चौमासिक सम्ममा  खर्च प्रति ब्यक्ति रु.५९१४ खर्च गरिएको ।  पूंजीगत खर्चमा रु.२१,६५,५०,०००।०० कूल बिनियोजनमा रु.२,९४,५२,३८२।०० अर्थात १३.६० प्रतिशत मात्र खर्च प्रगति भएको छ भने चालू तर्फको कूल बिनियोजन रु.४४८९९३९००।०० मा १७,१४,२९,५०१।०० मध्ये ३८.१८ प्रतिशत खर्च भएको छ । आन्तरिक स्रोत तर्फ रु.६,९९,२६,९००।०० मा ५,४६,७२,६४०।०० बास्तबिक आय भई ७८.१९ प्रतिशत रहेको छ भने कुल खर्च ३०.१८ प्रतिशत खर्च भएको छ ।

२. **कार्यक्रमको उद्देश्यः** नगरपालिकाका सबै बिषयगत शाखा र सबै वडाहरुको आ.ब.२०८०।०८१ को दोश्रो चौमासिक अबधीमा बिनियोजन गरेको बजेट खर्च र गरिएको प्रगति सम्बन्धी छुट्टा छुट्टै प्रतिबेदन प्रस्तुत गरी सुझाव प्राप्त गर्ने प्रयोजन तथा उद्देश्य यस कार्यक्रमको रहेको छ ।

३. **कार्यक्रममा सहभागीहरुः** कार्यक्रममा बिषयगत शाखा एबं इकाइहरुमा योजना तथा प्राबिधिक शाखा, सामाजिक बिकास शाखा, प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, महिला तथा बालबालिका शाखा, शिक्षा तथा खेलकुद शाखा कृषि, पशु, स्वास्थ्य, शिक्षा, जिन्सी, पन्जीकरण, सामाजिक बिकास शाखा, रोजगार शाखा लगायत वडा नं.१ देखि ९ सम्म सबैको सहभागिता सहित नगर प्रमुख, उपप्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, वडा अध्यक्ष, वडा सचिव एबं अन्य कर्मचारी र पदाधिकारी सहित ५० भन्दा बढीजनाको उपस्थिति रहेको थियो ।

४. **समीक्षा कार्यक्रमको खाकाः** कार्यक्रमलाई निम्नानुसारको खाका सञ्चालन गरिएको थियो ।
अध्यक्षताः नगर प्रमुखज्यू
आसन ग्रहणः नगरउप प्रमुखज्यू
आसन ग्रहणः प्रमुख प्रशासकीय अधिकृतज्यू
आसन ग्रहणः वडा अध्यक्षज्यूहरु
आसन ग्रहणः कार्यपालिका सबै सदस्यज्यूहरु
आसन ग्रहणः प्रशासकीय अधिकतज्यू
आसन ग्रहणः बिषयगत शाखा प्रमूखज्यूहरु
आसन ग्रहणः वडा सचिवज्यूहरु
आसन ग्रहणः उपस्थित सबै
कार्यक्रम उद्घाटनः ब्यानर पढेर नगर प्रमूख श्री बाजि सिंह खड्का (बिजय)ज्यूबाट
स्वागत मन्तब्यः नगर उपप्रमूखज्यूबाट
उद्देश्यमाथि प्रकाशः प्रमुख प्रशासकीय अधिकृतज्यूबाट
शाखा तथा वडात प्रस्तुती
प्रस्तुति उपर टिप्पणी तथा सूझाव
मन्तब्य प्रमूख प्रशासकीय अधिकृत एबं उपप्रमूखज्यू
धन्यबाद एबं सुझाव सहित समापन

**५. दिपायल सिलगढी नगरपालिकाको सोच : "नगरक्षेत्रमा स्वास्थ्य, शिक्षा, कृषि, पशूपालन, पुर्वाधार बिकास, जडिबूटी, जलस्रोत र पर्यटकीय क्षेत्रको उचित ब्यबस्थापन एवं बिकास गरी समृद्ध नगर बनाउने ।"**

६. दिपायल सिलगढी नगरपालिकाको लक्ष्य

- सबै कृषि योगय जमिनको उपयोग गर्ने, पशूपालनलाई ब्यबसायिक बनाउने,
- पर्यटकीय क्षेत्रको संरक्षण र ब्यबस्थापन गर्ने,
- समाबेशी बिकासमा जोड दिने,
- उद्यमशिलताको बिकास गर्ने

- भौतिक पुर्बाधारको बिकासमा स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन गरी गरिबी घटाउने ।

७. दिपायल सिलगढी नगरपालिकको उद्देश्य

- कृषिमा आधुनिकीकरण तथा व्यावसायिकरण
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा
- पूर्वाधार विकास
- सूचना प्रविधि तथा संचारमा विकास
- मानव संसाधन र सामाजिक विकास
- उद्यम र सहकारिताको विकास
- वन वातावरण तथा पर्यटन प्रवर्द्धन
- विपद् व्यवस्थापन
- प्रस्तुति वडागत क्रमशः १,२,३............९

८.प्रस्तूति बिषयगतः (योजना प्राबिधिक, सामाजिक बिकास, महिला बालबालिका, शिक्षा, कृषि, पशु, स्वास्थ्य, आयूर्बेद, आर्थिक प्रशासन, मेडपा कार्यक्रम, रोजगार शाखा, प्रशासन तथा तथा सामाजिक सुरक्षा, बन तथा बाताबरण) सबै शाखा तथा वडा कार्यालय एबं न्यायिक समितिको सचिवालयबाट समेत प्रस्तुती गर्ने कार्यक्रम रहेको थियो तथापि केही शाखाबाट कार्यक्रममा सहभागिता रहन सकेको थिएन

९. खुला शत्र एबं सुझाव संकलन शत्र

यस कार्यक्रममा सबै शाखा तथा वडाबाट प्रस्तुत गरिएको थियो कार्यक्रममा टिप्पणी सहित नगर प्रमुख श्री बाजि सिंह खड्काले दिनभरी नै कार्यक्रमलाई महत्व दिई पूर्ण समय दिनु भएको थियो । कार्यपालिकाका सदस्यहरु एबं वडा अध्यक्ष सहित शाखा प्रमुखहरुबाट खुला शत्रमा टिप्पणी एबं सुझाव पेश गरीएको थियो ।

१०. आ.ब २०८०।०८१ को दोस्रो चौमासिक बजेट समीक्षा बजेट एबं खर्चको तालिका

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, डोटी
कार्यालयको कोड : ८०७७१४०१३००

आय व्ययको विवरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/११/३१

आय

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ४५,०९,००,०००.०० | २९,२५,२०,४२०.०० | ६४.८७ | १५,८३,७९,५८०.०० |
| १३३११ समानिकरण अनुदान | ११,८२,००,०००.०० | ६,५८,३७,४००.०० | ५५.७ | ५,२३,६२,६००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २८,७७,००,०००.०० | २१,३१,८६,५००.०० | ७४.०९ | ७,४५,१३,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,७०,००,०००.०० | ६७,१०,०००.०० | ३९.४७ | १,०२,९०,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,५५,००,०००.०० | ६७,८६,५२०.०० | ४३.७८ | ८७,१३,४८०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,२५,००,०००.०० | ०.०० | ० | १,२५,००,०००.०० |
| प्रदेश सरकार | ३,२१,८०,०००.०० | ५७,७२,०००.०० | १७.९४ | २,६४,०८,०००.०० |
| १३३११ समानिकरण अनुदान | १,०१,४४,०००.०० | ५०,७२,०००.०० | ५० | ५०,७२,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ५,५०,०००.०० | ०.०० | ० | ५,५०,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४९,००,०००.०० | ०.०० | ० | ४९,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | १,१५,८६,०००.०० | ७,००,०००.०० | ६.०४ | १,०८,८६,०००.०० |
| राजस्व बाडफाड | ११,२५,३७,०००.०० | ३,१८,२१,७८७.०२ | २८.२८ | ८,०७,१५,२१२.९८ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५,७५,०००.०० | ०.०० | ० | ५,७५,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | १०,६९,२३,०००.०० | ३,०९,६५,६४१.६१ | २८.९६ | ७,५९,५७,३५८.३९ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३७,०७,०००.०० | ८,५६,१४५.४१ | २३.१ | २८,५०,८५४.५९ |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ५,०००.०० | ०.०० | ० | ५,०००.०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३७,०००.०० | ०.०० | ० | ३७,०००.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १२,९०,०००.०० | ०.०० | ० | १२,९०,०००.०० |
| अन्तरिक श्रोत | ६,९९,२६,९००.०० | ५,४६,७२,६४०.३४ | ७८.१९ | १,५२,५४,२५९.६६ |
| ११३१३ सम्पती कर | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | १८,७०,०००.०० | ०.०० | ० | १८,७०,०००.०० |
| ११३१७ वहाल कर | १३,२०,०००.०० | ०.०० | ० | १३,२०,०००.०० |
| ११३१८ वहाल विटौरी कर | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ५५,०००.०० | ०.०० | ० | ५५,०००.०० |
| १४१५१ सरकारी सम्पतीको वहालबाट प्राप्त आय | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ११,०००.०० | ०.०० | ० | ११,०००.०० |

व्यय

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ४४,८९,९३,९००.०० | १७,१४,२९,५०१.६७ | ३८.१८ | २७,७५,६४,३९८.३३ |
| २११११ पारिश्रमिक कर्मचारी | ७,५८,४१,९००.०० | २,९८,२७,३०१.५८ | ३९.३३ | ४,६०,१४,५९८.४२ |
| २११२१ पोशाक | १४,५०,०००.०० | ०.०० | ० | १४,५०,०००.०० |
| २११२२ खाद्यान्न | ४,९२,०००.०० | ४८,०००.०० | ९.७६ | ४,४४,०००.०० |
| २११३१ स्थानीय भत्ता | २९,२८,०००.०० | १६,८६,६२७.३३ | ५७.६ | १२,४१,३७२.६७ |
| २११३२ महंगी भत्ता | १७,२४,०००.०० | ११,०४,१३३.६७ | ६४.०४ | ६,१९,८६६.३३ |
| २११३३ फिल्ड भत्ता | १०,००,०००.०० | ४,९२,०००.०० | ४९.२ | ५,०८,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १४,१६,०००.०० | ४,८३,५००.०० | ३४.१५ | ९,३२,५००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| २११३९ अन्य भत्ता | ८,३०,०००.०० | १५,०००.०० | १.८१ | ८,१५,०००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ९,५०,०००.०० | ०.०० | ० | ९,५०,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ६१,००,०००.०० | ४१,६६,५००.०० | ६८.३ | १९,३३,५००.०० |
| २११४९ पदाधिकारी अन्य भत्ता | ३०,००,०००.०० | १९,३२,०००.०० | ६४.४ | १०,६८,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ५०,००,०००.०० | ५०,००,०००.०० | १०० | ०.०० |
| २२१११ पानी तथा बिजुली | १३,६९,५००.०० | ६,३१,६९०.०० | ४६.१३ | ७,३७,८१०.०० |
| २२११२ संचार महसुल | ७,२५,०००.०० | १,६६,३२१.०० | २२.९४ | ५,५८,६७९.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १३,००,०००.०० | ३,९१,५२६.०० | ३०.१२ | ९,०८,४७४.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ७१,५०,०००.०० | ३९,९९,५५६.६६ | ५५.९४ | ३१,५०,४४३.३४ |
| २२२१३ सवारी साधन मर्मत खर्च | ७१,९८,०००.०० | १४,३६,२२४.०० | १९.९५ | ५७,६१,७७६.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ९,०८,०००.०० | १,९१,८४५.०० | २१.१३ | ७,१६,१५५.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,५५,०००.०० | ८८,९००.०० | १६.०२ | ४,६६,१००.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५,१२,०००.०० | १,१२,१४३.०० | २१.९ | ३,९९,८५७.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४१,०३,०००.०० | ५,९३,९१८.०० | १४.४८ | ३५,०९,०८२.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,००,०००.०० | १९,५००.०० | ६.५ | २,८०,५००.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २,००,०००.०० | २०,५००.०० | १०.२५ | १,७९,५००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १७,५५,०००.०० | ६,१८,३८८.०० | ३५.२४ | ११,३६,६१२.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ४,००,०००.०० | ९९,६५६.०० | २४.९१ | ३,००,३४४.०० |
| २२४१३ करार संवा शुल्क | ३,८९,०३,२२६.०० | २,२३,७७,१७७.६८ | ५७.५२ | १,६५,२६,०४८.३२ |
| २२४१४ सरसफाईसेवा शुल्क | ६,३०,०००.०० | १,१८,८५०.०० | १८.८७ | ५,११,१५०.०० |
| २२४१९ अन्य सेवा शुल्क | ३,००,०००.०० | १,७५,०००.०० | ५८.३३ | १,२५,०००.०० |

1 of 2

# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
कार्यालयको कोड : ८०७७१४०१३००

### आय व्ययको विवरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/११/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १२,००,०००.०० | ०.०० | ० | १२,००,०००.०० |
| १४२२१ न्यायिक दस्तूर | १,१००.०० | ०.०० | ० | १,१००.०० |
| १४२२४ परीक्षा शुल्क | ३३,०००.०० | ०.०० | ० | ३३,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १,२१,०००.०० | ०.०० | ० | १,२१,०००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | १,१०,०००.०० | ०.०० | ० | १,१०,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६०,०००.०० | ०.०० | ० | ६०,०००.०० |
| १४२४९ अन्य दस्तुर | ८,२०,०००.०० | ०.०० | ० | ८,२०,०००.०० |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३,३००.०० | ०.०० | ० | ३,३००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४६११ व्यवसाय कर | २५,२५,०००.०० | ०.०० | ० | २५,२५,०००.०० |
| १५१११ बेरूजू | २७,५००.०० | ०.०० | ० | २७,५००.०० |
| ३२१२२ बैंक मौज्दात | ५,४६,६०,०००.०० | ५,४६,७२,६४०.३४ | १००.०२ | (१२,६४०.३४) |
| जम्मा | ६६,५५,४३,९००.०० | ३८,४७,८६,८४७.३६ | ५७.८१ | २८,०७,५७,०५२.६४ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १६,४८,०००.०० | ३८,०००.०० | २.३१ | १६,१०,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | ५,९२,८९,०००.०० | ८१,९७,४२१.०० | १३.८३ | ५,१०,९१,५७९.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | १४,००,०००.०० | ६,२८,२२०.०० | ४४.८७ | ७,७१,७८०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२६१२ भ्रमण खर्च | ४०,९७,०००.०० | १९,१०,२००.०० | ४६.६२ | २१,८६,८००.०० |
| २२७११ विविध खर्च | ३५,९४,५००.०० | १५,८३,०२६.०० | ४४.०४ | २०,११,४७४.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ७,८०,०००.०० | २,००,०००.०० | २५.६४ | ५,८०,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १९,१६,४१,०००.०० | ८,०६,११,५८६.७५ | ४२.०६ | ११,१०,२९,४१३.२५ |
| २७१११ सामाजिक सुरक्षा | ५१,८३,०००.०० | ०.०० | ० | ५१,८३,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १५,७०,०००.०० | ११,६३,०००.०० | ७४.०८ | ४,०७,०००.०० |
| २७२११ छात्रवृत्ति | ३३,७३,०००.०० | ०.०० | ० | ३३,७३,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ३५,१०,०००.०० | ७,२०,०००.०० | २०.५१ | २७,९०,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ४१,१७,७७४.०० | ३,४१,२९०.०० | ८.२८ | ३७,७६,४८४.०० |
| २८१४१ जग्गाको भाडा | ५,००,०००.०० | ४२,०००.०० | ८.४ | ४,५८,०००.०० |
| २८१४२ घरभाडा | ६,००,०००.०० | १,९३,०००.०० | ३२.१७ | ४,०७,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २,००,०००.०० | ५,५००.०० | २.७५ | १,९४,५००.०० |
| पूंजीगत | २१,६५,५०,०००.०० | २,९४,५२,३८२.०० | १३.६ | १८,७०,९७,६१८.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ५,०७,०८,०००.०० | १,५३,९५,९४६.०० | ३०.३६ | ३,५३,१२,०५४.०० |
| ३११२२ मेशिनरी तथा औजार | २२,८०,०००.०० | २,४९,९६९.०० | १०.९६ | २०,३०,०३१.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३,५०,०००.०० | १,४७,०००.०० | ४२ | २,०३,०००.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ८,००,०००.०० | १,००,०००.०० | १२.५ | ७,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ७,०४,७२,०००.०० | ६९,५५,३६६.०० | ९.८६ | ६,३५,१६,६३४.०० |
| ३११५३ विद्युत संरचना निर्माण | १३,००,०००.०० | ४,९७,६७४.०० | ३८.२८ | ८,०२,३२६.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १०,००,०००.०० | ४,८१,६०७.०० | ४८.१६ | ५,१८,३९३.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ६६,००,०००.०० | ४९,५६४.०० | ०.७५ | ६५,५०,४३६.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,४३,९०,०००.०० | ६,७६,४९६.०० | ४.७ | १,३७,१३,५०४.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | १६,५०,०००.०० | ४,८४,५९६.०० | २९.३७ | ११,६५,४०४.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १,४७,००,०००.०० | ४४,१४,१६४.०० | ३०.०३ | १,०२,८५,८३६.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १७,००,०००.०० | ०.०० | ० | १७,००,०००.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| ३१४११ जग्गाप्राप्ति खर्च | ५,०३,००,०००.०० | ०.०० | ० | ५,०३,००,०००.०० |
| जम्मा | ६६,५५,४३,९००.०० | २०,०८,८१,८८३.६७ | ३०.१८ | ४६,४६,६२,०१६.३३ |

आ.ब.२०८०।०८१ का लागि नगरपालिकाले लक्षित गरेका नीतिहरु

१. आगामी आ.व. लाई कृषि वर्षको रुपमा मनाउँदै कृषिलाई नगरको पहिलो प्राथमिकतामा राखी कृषकहरुलाई उन्नत जातका बीउ वितरण गरी नगरभित्र बाँझो जमिन राख्न नदिने नीति अवलम्बन गरिनेछ। रहर र कपास खेती लगायत विभिन्न फलफूल खेतीलाई अभियानका विकास गरिनेछ। सोका लागि बीउ, र बजारीकरणको व्यवस्था गरिनेछ। कृषकले गरेको उत्पादनको बजारीकरणको ग्यारेन्टी गरिनेछ। तरकारी तथा मसाला खेती प्रवर्द्धन गरिनेछ।

२. स्थानीय स्तरमा रोजगारि अभिवृद्धि गर्न सरकारी तथा गैर सरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमूलक तथा आयमूलक तालिम कार्यक्रम सञ्चालन गरिने छ।

३. एक वडा एक कृषि उत्पादन पकेट क्षेत्रको अवधारणालाई अगाडि बढाई कृषकहरुलाई आत्म निर्भरता तर्फ उन्मुख गराइनेछ।

४. नश्ल सुधारका लागि कृत्रिम गर्भाधानलाई विस्तार गरिने छ तथा यसका लागि पशु सेवा प्राविधिकको क्षमता विकास गरिने छ।

५. नगरका सम्भाव्य धार्मिक पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन प्रवर्द्धनका लागि आवश्यक पहल गरिनेछ।

६. सहकारी क्षेत्रको क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

७.आर्थिक, सामाजिक, लैंगिक रुपमा पिछडिएका महिला, बालबालिका, दलित, अपांग, ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सुधारमा जोड दिइनेछ।

८. युवाहरुलाई स्वरोजगारमूलक तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

९. दलित लगायत विभिन्न जातजातिका परम्परागत पेशागत कार्यलाई निरन्तरता दिन समयसापेक्ष सीप विकासका कार्यक्रमहरु संञ्चालन गरी प्रविधि मैत्री बनाइने छ। वादी समुदायलाई आयमूलक कार्यमा जोड्ने कार्यक्रम ल्याइनेछ।

१०. विभिन्न लक्षित वर्गहरुको क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु संञ्चालन गरिने छन्।

११. छाउपडी प्रथा न्युनिकरणका अभियानहरु सञ्चालन गरिनेछ।

१२. जातीय विभेद अन्त्यका लागि विभिन्न कार्यक्रमहरु ल्याइने छन्।

१३. नगरभित्र रहेका मुक्त हलियाहरुको लगत संकलन गरी क्रमशः आवश्यक पुर्नस्थापनाका कार्यक्रमहरु ल्याइनेछ।

१४. नगरलाई आगामी आर्थिक वर्ष बालमैत्री क्रियाकलाप अन्तर्गत बालश्रम मुक्त नगर घोषणा गर्न विभिन्न कार्यक्रमहरु विकास गरिनेछ। साथै वडाहरुलाई बालविवाह मुक्त गर्न विभिन्न अभियान सञ्चालन गरिने छ।

१५. माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धतिलाई प्राथमिकता दिईनेछ। माध्यमिक विद्यालयको कक्षा ११/१२ मा विज्ञान संकाय सञ्चालन गरिहेका विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ।

१६. शिक्षकको शिक्षण सुधारका लागि पेसागत तालिम सञ्चालन गरिने छ। उत्कृष्ट शिक्षकहरुलाई आर्थिक वर्षको अन्तमा पुरस्कृत गर्ने कार्यक्रम ल्याइनेछ।

१७. उत्कृष्ट एक आधारभूत र एक माध्यमिक विद्यालयलाई सम्मान सहित पुरस्कृत गरिनेछ।

१८. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयमा शैक्षिक तथा भौतिक लगायत अन्य आवश्यक अनुदान प्रदान गरिने छ। विद्यार्थीको अनुपातमा शिक्षक संख्या कमी रहेका विद्यालयहरुमा शिक्षक अनुदान उपलब्ध गराई शिक्षण सिकाइ क्रियाकलापमा सहजता प्रदान गरिनेछ।

१९. विद्यालयमा विद्यार्थीको प्रतिभा पहिचानका कृयाकलापहरु सञ्चालन गरिने छ ।

२०. यसै शैक्षिक सत्र देखि कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम हाम्रो दिपायल सिलगढी को पाठ्यपुस्तक विकास गरिनेछ ।

२१. गरिब, दलित तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिने छ ।

२२. नगरमा स्थापना हुन लागेको इन्जिनियरिङ्ग क्याम्पसलाई आवश्यक सहयोग गरी चाडै अध्ययन अध्यापनको वातावरण तयार गर्न पहल गरिनेछ ।

२३. बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुलाई नगरपालिकाबाट दिइदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।

२४. अनाथ, अति विपन्न र बालश्रमिक बालबालिकालाई आवासीय सुविधा सहितको पठनपाठनको व्यवस्था मिलाइनेछ ।

२५. विभिन्न दिवसको अवसरमा नगर, वडा तथा पालिका स्तरीय खेलकुद कार्यक्रम आयोजनाको व्यवस्था गरिनेछ ।

२६. खेलाडीको मनोबल उच्च राख्न विभिन्न विधाका उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ ।

२७. विद्यालयमा खेल सामग्री वितरणको व्यवस्था मिलाइनेछ ।

२८. युवाहरुका लागि विभिन्न सीपमूलक तालिम दिइ व्यवसाय सुरु गर्न आवश्यक सामग्री, उपकरण अनुदान दिइनेछ ।

२९. सफल युवा व्यवसायीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

३०. विदेशबाट फर्केका युवाहरुले स्वदेशमै व्यवसाय गर्न आवश्यक सीप सहितको अनुदानको व्यवस्था गरिनेछ ।

३१. स्वास्थ्य सम्बन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सवै नागरिक समक्ष पुर्याउन आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ ।

३२. स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरी विशेषज्ञ स्तरीय स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।

३३. नगरमा स्थापित ल्याव प्रयोगशालाहरुलाई थप व्यवस्थित बनाउंदै लगिनेछ ।

३४. आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि औषधिको अभाव हुन दिइने छैन ।

३५. स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण, औजारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

३६. स्वास्थ्यकर्मीहरुको पेसागत विकासका लागि विभिन्न तालिमको आयोजना गरिनेछ ।

३७. विभिन्न सरुवा रोग नियन्त्रण, रोकथाम र उपचारका लागि आवश्यक व्यवस्था गरिने छ

३८. यस नगरपालिकाको वडा नं २ स्थित खाउलाआममा रहेको जगगामा नगर अस्पताल स्थापनाका लागि भौतिक संरचना निर्माणको काम अगाडि बढाइने छ ।

३९.अति गरिब, असहायलाई निशुल्क एम्बुलेन्स उपलब्ध गरिने तथा अति गरिब परिवारको कुनै सदस्य मृत्यु भई नजिकको मसानघाट सम्म पुर्याउन ट्याक्टर आवश्यक पर्ने भए यस कार्यालयको ट्याक्टर निशुल्क उपलब्ध गराइदै आएकोमा सो कामलाई निरन्तरता दिइनेछ ।

४०. गर्भवती महिलाहरुलाई प्रसुति व्यथा लागि नगरभित्र नजिकको स्वास्थ्य संस्थासम्म पुर्याउन एम्बुलेन्स निशुल्क र जिल्ला बाहिर लैजानु परेमा एम्बुलेन्स भाडामा ५० प्रतिशत छुट दिइंदै आएकोमा सो कामलाई समेत निरन्तरता प्रदान गरिनेछ ।

४१. नगरभित्रका विद्यालयका विद्यार्थीहरुको वर्षको २ पटक स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ ।

४२. ऐतिहासिक पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिइनेछ ।

४३. मौलिक संस्कृतिको जगेर्ना गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने वातावरण सिर्जना गर्ने नीति लिइनेछ ।

४४. नगर क्षेत्रमा रहेका परम्परागत मौलिक सांस्कृतिक सम्पदा तथा संस्कृति ( भुवा, रनपुतला, हुड्केली, लाखे नाच, गाइजात्रा,बाघजात्रा) लाई संवर्द्धन एवं संरक्षण गर्दै लगिने छ ।
४५. नगर क्षेत्र भित्र हुने धार्मिक पर्व (जात्रा) हरुको उचित संरक्षण गरिने छ ।
४६. पर्यटन प्रवर्द्धनका लागि सिलगढीमा स्थापित होमस्टेलाई आवश्यक सुदृढ गरिनेछ । साथै सिलगढीको पुरानो बजारलाई होमस्टे बजारका रुपमा रुपान्तरण गर्दै सांस्कृतिक शहरको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
४७. सफा सडक, हरित सडक भन्ने कुरालाई हृदयङ्गम गरी सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्दैं किनारामा वृक्षारोपण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
४८. संघ, प्रदेश र स्थानीय तीनै तहको सहयोगमा आगामी आ.व. देखि यस नगरमा सुरु हुन लागेको खानेपानी क्षेत्रगत सुशासन परियोजना मार्फत खानेपानी र सरसफाइका क्षेत्रमा व्यवस्थित र दिगो रुपमा कामहरु अगाडि बढाइनेछ । जसबाट यस क्षेत्रको खानेपानी र सरसफाइको समस्या समाधान हुनेछ । नगरपालिका क्षेत्रमा आवश्यक सिचाई एवं अन्य आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरु ल्याइने छ । साथै समुदायलाई पानी सुरक्षित समुदाय र विद्यालयलाई तीन तारे वास पद्धति अवलम्बन गरी Green School, Clean School को अवधारणा अनुसार स्वच्छ विद्यालय वातावरण बनाउनका लागि आवश्यक पहल गरिनेछ ।
४९. नगरभित्र सरकारी तथा व्यक्तिगत घरहरु निर्माण हुंदा भवन निर्माण मापदण्डको पालना हुने गरी अनिवार्य रुपमा नक्सा पास गराएर मात्र घर निर्माण कार्य अघि बढ्ने पद्धतिको विकास गरिने छ ।
५०. नगर गौरवका योजना बनाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । यस वर्ष सम्पन्न हुन नसकेका योजनाहरुलाई आगामी आर्थिक वर्ष प्राथमिकतामा राखिनेछ ।
५१. यस नगरपालिकाको वडा नं. २ को रानीपौवा नजिकैको स्थानमा व्यवस्थित बसपार्क निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रिया सम्पन्न गरी नगर विकास कोषसंग आवश्यक ऋण लिई आवश्यक पूर्वाधारका काम अगाडि बढाइनेछ ।
५२. विकासमा जनताको अपनत्व बढाउन उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुमा अनिवार्य रुपमा जनताहरुको श्रम तथा लागत सहभागिता गराउन पहल गरिने छ ।
५३. नगरलाई आकर्षक बनाउन एवं वातावरण स्वच्छताको लागि वृक्षारोपण कार्यक्रमहरु संञ्चालन गरिने छ । साथै साना उद्यान, नगरको अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
५४. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिने छ ।
५५. मनसुन जन्य विपद्का कारण खतरामा परेका घरहरु पुर्ननिर्माणका लागि अगाडि बढाइएका कामहरुलाई निरन्तरता दिई आगामी आ.व. मा सम्पन्न गर्ने लक्ष्य लिइने छ । भूकम्पमा परी समस्यामा परेका घरहरुको निर्माणका लागि संघ र प्रदेशको सहयोग लिई पुर्ननिर्माणका कामहरु अगाडि बढाइनेछ
५६. जलवायु अनुकूलनमूलक कार्यक्रमहरु अघि बढाइनेछ ।
५७. नगरभित्रको फोहोरमैला विसर्जन केन्द्र (land fill Site) निर्माणका लागि जग्गा प्राप्ति गरी निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।
५८. कर्मचारीहरुको मनोबल उच्च राख्न तथा निजहरुको कार्यको प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरस्कृत गरिने छ ।
५९. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु संचालन गर्नुका साथै कर्मचारी,जनप्रतिनिधिहरुलाइ विकास निर्माण कार्य एवं प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
६०. क्षमता विकास योजना बनाई कार्यान्वयन गरिनेछ ।
६१. नगरको पार्श्व चित्र अद्यावधिक सहित नगरको आवधिक योजना बनाइ कार्यान्वयन गरिनेछ ।

६२. न्यायिक समिति बाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिइनेछ । न्यायिक समितिका पदाधिकारी तथा सो कार्यमा संलग्न कर्मचारीको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइनुका साथै वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरी न्यायपूर्ण समाज निर्माण गरिने छ ।

६३. पारदर्शी, जवाफदेही, स्वच्छ र सदाचारयुक्त जनसहभागितामूलक सेवा प्रवाह गर्दै प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।

६४. निजी क्षेत्रलाई प्रोत्साहन गर्दै लगिनेछ ।

६५. भ्रष्टाचारमा शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

६६. कार्यालयका लागि प्रशासकिय भवन निर्माण गर्न आवश्यक प्रक्रिया पूरा भएकोले निर्माण कार्य यसै आर्थिक वर्ष देखि सुरु गरी दुइ वर्षभित्र सम्पन्न गर्ने गरी काम अगाडि बढाइनेछ । आफ्नै वडा भवन नभएका वडाहरुको भवन निर्माण कार्यलाई क्रमश: अघि बढाइनेछ ।

६७. योजना तर्जुमा प्रक्रियालाई जनमुखी बनाउन नगरको विकासमा नागरिकको अपनत्व बढाउन टोल विकास संस्था गठन गर्ने कार्यलाई निरन्तरता दिई गठित टोल विकास संस्थाहरुको क्षमता विकास गर्दै लगिनेछ ।

६८. स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गदै वित्तीय प्रशासन सुधारका लागी व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनको दायरा बढाउन राजश्व सम्बन्धी अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।

६९. वडा स्तरवाट राजश्व संकलन कार्यलाइ प्रभावकारी वनाइनुका साथै सो सम्वन्धमा कर्मचारी र जनप्रतिधिहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

७०. आन्तरिक आयमा अपेक्षाकृत सुधार गरिने छ । राजश्व सुधार कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

७१. नगरको आन्तरिक आय सुदृढीकरणका लागि आवश्यक पहल गरिनेछ ।

७२. सञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

७३. सबै वडामा सञ्चार प्रविधिको विकासका लागि आवश्यक कदम अगाडि बढाइनेछ ।

७४. विद्युतीय सुशासन सम्बन्धी क्रियाकलापहरु अगाडी बढाइने छ ।

## ११. यस चौमासिकका राम्रा अभ्यासहरु

- LISA को जम्मा प्राप्तांक मा ६८.५ % समग्रमा ६६.६७ प्रतिशत प्रकृयागतमा स्थितिमा ७०.५९ परिमाणात्मक स्थितिमा ६७.७८% प्राप्तांक रहेको छ ।
- बाल श्रम बिरुद्धको आबाज नगरभरी नै उठेको छ, वडा नं. ६ सिलगढी बजारलाइ मा बाल श्रम मूक्त वडा घोषणा गरेर हाल सम्म बालश्रमुक्त वडा संख्या ३ पुगेको छ ।
- बालबालिकाहरु आफ्ना मुद्दाहरु आफै उठायर पक्षमा पैरबी गर्न सफल हुदैछन ।
- पोषण जीवनका लागि प्रमुख बिषय हो भन्ने कुराको समुदायमा महसुसीकरण हुदैछ र सरसफाइको अबस्था समुदायमा सुधारोन्मूख छ
- पिपल्ला बजार तथा सिलगढी र राजपुर बजार क्षेत्रमा सरसफाईको अभियान सञ्चालनभई सरसफाईको अवस्था सुदृढ भएको छ ।
- दि.सि.न.पा को तल्लो बेल्ट दीपायलकामा नगर अस्पताल निर्माण कार्य सूभारम्भ

- ❖ बिपद् ब्यबस्थापनका लागि यस चौमासिक अबधी सम्ममा ३५ जना संग जलबायू जन्य जोखिमबाट राहत प्राप्त गर्ने र २ जना पुर्नस्थापनको लागि जग्गा खरिद समेत गर्नेमा लाभान्वित भई बिपद् जोखिम न्यू. तथा ब्य. प्राधिककरणमा आबद्ध भई आबासिय सुबिधा पाउने प्रकृयामा रहेकाछन, करिब १६ जनाले त घर निर्माणको कार्य सम्पन्न गरि सकेका छन ।
- ❖ यसै दोश्रो चौमासिक अबधी सम्ममा करिब ५० जनाबालबालिकालाई यूनिसेफ तर्फको बजेटबाट शैक्षिक सामग्री र आय आर्जन बाफत २४५००० हजार नगदै प्रदान गरिएको छ ।
- ❖ नगरकार्यपालिका कार्यालयको कार्यालय भवनको सिलान्यास भएको छ ।
- ❖ बशपार्कको लागि दिपायलको सेतीमाथिको पक्कि पुल र झोलुगेपुल बीचको क्षेत्रमा जग्गा खरिदको प्रर्कया करिब अन्तिम चरणमा रहेको छ ।

## १२. आ.ब. ०८०।०८१ दोश्रो चौमासिक अबधीमा भोग्नु परेका समस्याहरू

- फोहरको दिगो व्यवस्थापनकालागि ल्याण्डफिल साइट निर्माण हुन नसकेको
- नगरभित्रको हुने खाने परिवारहरुबाटै पुनः बालश्रमिक राख्ने प्रयास भईरहनु । बालबिवाह, छाउपडि प्रथा, बिद्यालय छोड्ने दर, बिद्यालय छोडेर भारत जाने गरेको ।
- तिव्र बसाई सराईको समस्या
- सबै स्वास्थ्य संस्थामा पानीको सहज उपलब्धता छैन
- नगरक्षेत्रका केही सामुदायिक आधारभुत तहका बिद्यालयहरुमा बिद्यार्थी शिक्षक अनुपात मापदण्ड अनुरुप नभई बिद्यालयहरु Marge गर्नु पर्ने अबस्था सृजना हुनु ।
- नगरलाई बास्तबिक योगदान गर्ने ब्यक्ति तथा संस्थाहरु नभई बजेट र कार्यक्रम माग गरी योगदानको भावना नहुनु ।
- आवश्यक बजे६को अभाव (मृगौला डायलाइसिस,पत्यारोप०ा गरिएका,क्यान्सर रोगी,स्पाइनल इन्जूरी) भएका विरामी लाई रकम प्रदान गर्न नसकिएको
- वडा कार्यालयहरु नयां बन्न नसकि बर्षौ सम्म भाडामा रही ससाना घरमा गुजाराको अबस्थामा रहनु ।

## १३. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- नगरपालिकाले बनाएका नीति अनुसार शाखाले बजेट प्रस्ताव गर्दा कार्यक्रम समाबेश नभएकोले नीति बमोजिम शाखा संग छलफल गरी कार्यक्रमको अन्तिम रुप दिनु पर्ने
- अनुगमन गरी प्रतिबेदन समेत समाबेश गरी सुझावहरु कार्यान्वयनका लागि पहल गर्नु पर्ने
- पदाधिकारीहरुले समीक्षा, सार्बजनिक सुनूवाई, सामाजिक परीक्षण जस्ता कार्यक्रमहरुलाई महत्व दिई समय निर्धारण गरी उपस्थिति जनाउनु पर्ने ।

- दातृ निकाय समेतको सहयोगमा सञ्चालन भएको बहुक्षेत्रीय पोषण योजना कार्यक्रम तर्फ प्राप्त जम्मा संघीय मामिला तथा सामान्य प्रशासन अर्न्तगत प्राप्त बजेटपुर्ण निकासा नभइ कार्यक्रम अगाडि बढाउन नसकिएको ।
- खानेपानी नियमित भएका स्वास्थ्यसंस्थाहरु ६ वटामात्र भएकोले सबैमा पुर्‍याउन पहल गर्नु पर्ने
- स्सम्भब भएसम्म प्राबिधिक कर्मचारीहरुलाई वडा सचिवको जिम्मा नदिए प्राबिधक काम सहज हुने
- महिला बालबालिका तर्फ अपांग परिचय पत्र सामाजिक सुरक्षा प्राप्त गर्ने नै चाहिने प्रेसर आउने गरेको

**.१४.सहभागि पत्रकारहरुबाट सुझाव**

- सरकारी बिद्यालयमा केटी र बोर्डिडमा केटाको संख्या धेरै भएकोले समाजमा लैंगिक बिभेद बिद्यमान छ ।
- नगरबाट बसाइसरी जाने धेरै भएकोले नगरपालिकाले नगरको दीगो ब्यबस्थापनका कार्य गर्नु पर्ने
- नगरक्षेत्रमा अझै पनि घरमा सुत्करी हुनेको संख्या देखिएकोले स्वास्थ्य संस्थाको सेवा बिस्तार गर्नु पर्ने

**१५. नगर उपप्रमुख कलाबती महर साउंदको सुझाव**

- समस्यामा सबै मिलेर जाउं र सुधार गरौ अबस्य सकारात्मक परिबर्तन आउंछ

**१६. कार्यक्रमका प्रमुख अतिथी नगर प्रमुख श्री बाजि सिंह खड्काको सुझाव**


- समीक्षाको अर्थ समान चाहाना बनाउनु हो तसर्थ जनताको चाहानालाई सम्बोधन कति गर्न सक्यौं भन्ने कुरामा समीक्षा केन्द्रित गर्न जरुरी छ
- राम्राकुरालाई ग्रहण गरी सुझाव दिएर समाधान तर्फलागौं
- बिभिन्न प्रकारका मुल्यांकन तथा स्वमुल्यांकनमा हाम्रो नगरपालिका उत्कृष्ट बनाउन सबै लागौं
- अब काम गर्ने र नगर्ने का लागि मैले फरक निती अख्तियार गर्छू , अब पदाबधी कम हुंदै गर्दा हाम्रो मुल्यांकन कडा हुनेछ ।


**१७. कार्यक्रमका सभाध्यक्ष एबं प्रमुख प्रशासकीय अधिकृत श्री शंकर सुचिकार**

- समीक्षा कार्यालयको लागि सूधार दिएकोमा हार्दिक आधार ब्यक्त गरी कार्यक्रम समापन भएको निबेदन गर्दछु

१८. **धन्यबाद सहित समापन:** कार्यक्रमको अन्त्यमा प्रमुख प्रशासकीय अधिकृतज्यूले उठेका समस्या तथा राम्रा कामहरुको सम्बन्धमा छलफलमा उठेका बिषयहरुको टिप्पणी सहित आगामी दिनमा कार्ययोजना बनायर व्यबस्थित रुपले समीक्षा कार्यक्रम आयोजना गर्नु पर्ने र सबै पदाधिकारी र शाखा प्रमूखले महत्व दिएर कार्यक्रममा उपस्थित भएर अनिबार्यरुपले प्रस्तुति सहित कार्यक्रममा सहभागि भई सहयोग गर्नू पर्ने धारणा राख्नु भएको थियो र कार्यक्रमको समापन गर्नु भएको थियो ।

९.कायक्रमका केही तस्विरहरु





**प्रतिबेदक**

**हस्ताक्षर:**

रमेशचन्द्र जोशी

सामाजिक बिकास अधिकृत,दिपायल सिलगढी नगरकार्यपालिका कार्यालय, डोटी

आज मिति २०८० साल चैत ६ गतेका दिन दिपायल सिलगढी नगरपालिकाको दोस्रो चौमासिक अवधीको समीक्षा कार्यक्रम नि. प्रमुख प्रशासकीय अधिकृत श्री शंकर सुनिकार ज्यूको अध्यक्षता एवं नगर उपप्रमुख श्री कल्पना महर साउँदज्यूको प्रमुख आतिथ्यतामा आयोजना भई निम्न बमोजिमको उपस्थितिमा सम्पन्न गरियो।

## उपस्थिति

| हस्ताक्षर | नाम थर | पद/कार्यालय |
|---|---|---|
| [signature] | श्री कलावती महर साउँद | नगर उपप्रमुख |
| [signature] | श्री शंकर सुनिकार | नि. प्र. प्र. अधिकृत |
| [signature] | श्री कृष्ण बहादुर साउँद | वडा अध्यक्ष वडा नं १ |
| | श्री यजेन्द्र खड्का | " " " २ |
| | श्री नारायणसिं साउँद | " " " ३ |
| [signature] | श्री अशोक कुमार सोप | " " " ४ |
| | श्री गणेश बहादुर भण्डारी | " " " ५ |
| | श्री नरेश मलासी | " " " ६ |
| | श्री कर्णबहादुर बिष्ट | " " " ७ |
| | श्री दशरथ भण्डारी | " " " ८ |
| [signature] | श्री हर्कबहादुर साउँद | " " " ९ |
| [signature] | श्री मिना कठायत | का. पा. ४ सदस्या |
| कलावती | श्री कलावती कठायत | " " २ " |
| | श्री | |
| [signature] | श्री खड्क बहादुर खड्का | वडा सचिव ३ |
| [signature] | श्री बुद्धि सिं खड्का | " " २ |
| [signature] | श्री कुमार सिं बयमाक्की | वडा सचिव ५ |
| [signature] | श्री हिम्मत बहादुर साउँद | कार्य विभाग |
| [signature] | श्री दीपा श्रेष्ठ | गा. बा वडा अध्यक्ष ३ दि.सि. |
| [signature] | श्री सत्यसुन्दर राजभण्डारी | अधिकृत प्रमुख लेखा शाखा |
| [signature] | श्री हरि सुन्दर श्रेष्ठ | वडा सचिव दि.सि.न.पा. ६ |
| [signature] | श्री सविना खड्का | अ.क.अ. दि. सि. न. पा.-१ |
| [signature] | श्री राधिका भण्डारी | एम. आई. एस. दि. सि. न. पा. |
| [signature] | जयलक्ष्मी कुमारी जोशी | वडा सचिव दि. सि. न. पा. ८ |
| [signature] | गजेन्द्र बहादुर भण्डारी | सि. अ. हे. व. अधिकृत दि. सि. न. पा. |
| [signature] | राज बहादुर खड्का | " " |

Date ______
Page ______

श्री राजेश मल्लाजी स.के.अ. दि.सि.न.पा. ...

श्री तेजराज भट्ट ना.सु.

श्री शेर बहादुर साउद - दि.सि.न.पा. ४ कु० अ०

श्री योगेन्द्र ब० खड्का दि०सि०न०पा०का० पोषण स०

कोहन मल्लाजी ...

श्री बसन्त ब० रेग्मी (अमिन)

श्री डिल बहादुर भट्ट अधिकृत लेखा शाखा

अतित रपड्का दि.सि.न.पा. कृषि शाखा

राम बिष्ट (व.ले.पा.) दि.सि.न.पा. लेखा शाखा

दिपक पाल ... वडा सचिव ६

अनिल कु. जोशी स्वे. संयोजक दि.सि.न.पा.

नर ब० बोगटी को० स० दि०सि०न०पा०

रमेशचन्द्र जोशी स्वा. वि. अधिकृत

टेक राज भण्डारी रोजगार संयोजक दि.सि.न.पा.

लोक बहादुर बोहरा बाल संरक्षण संयोजक दि.सि.न.पा. को

दुर्गा कठायत

कर्ण ब. मल्लाजी सब-इ० दि.सि.न.पा.

दुर्गा कुमारी कठायत कृषि शाखा ,,

किरण प्रकाश बोगटी स्वा.प्र.अ. ६ ,,

विष्णु ब. के.सी. स्वास्थ्य चौकी पाचा ,,

लाल ब. खड्का उ.मा.वि. ,,

बिमला महरा का.जि. ,,

जुन रायमाझी का.जि. ,,

नर बहादुर बोगटी का.स. ,,

भगवती रायमाझी का.स. ,,